आर्थिक वर्ष २०७४/७५को
नीति, बजेट तथा कार्यक्रम

मल्लरानी गाउँपालिका
प्यूठान
प्रदेश नम्बर ५, नेपाल
२०७४

प्रथम गाउँ सभा

मिति :२०७४ श्रावण २५ गते

मल्लरानी गाउँपालिकाका उपाध्यक्ष श्री शरीता जि.सी.ले गाउँपालिकाको आ.व. २०७४/०७५ को लागि सम्मानित गरिमामय प्रथम गाउँ सभामा पेश गर्नु भएको नीति, कार्यक्रम तथा बजेट

बजेट वक्तव्य

यस मल्लरानी गाउँपालिकाको सम्मानीत गरिमामय प्रथम गाउँ सभाका सभाध्यक्ष महोदय यस कार्यक्रममा पाल्नु भएका प्रमुख अतिथिज्यू, विशेष अतिथिज्यूहरु, निर्वाचित वडाध्यक्ष तथा वडा सदस्य ज्यूहरु, विषयगत सरकारी कार्यालयका प्रमुख एंव प्रतिनिधिज्यूहरु,गैर सरकारी संघ संस्थाका प्रमुख एवं प्रतिनिधिज्यूहरु, सुरक्षाकर्मी ज्यूहरु, पत्रकार लगायत सवै सामाजिक संघ सस्थाका अध्यक्ष तथा प्रतिनिधीज्यूहरु, नागरिक समाजका अगुवाज्यूहरु, वडा नागरिक मंचका पुर्व संयोजकज्यूहरु, यस क्षेत्र स्थित शैक्षिक संस्थाका प्रमुख एंव प्रतिनिधिज्यूहरु, साविक गा.वि.स.का पूर्व अध्यक्ष तथा वडा अध्यक्षज्यूहरु, लक्षित समुह अन्तर्गतका जिल्ला स्थित संजाल वा महासंघ प्रमुख वा प्रतिनिधिज्यूहरु, यस सम्मानित प्रथम गाउँ सभामा उपस्थित रहनु भएका प्राज्ञ, समाजसेवी , वुद्धिजिवी लगायत सम्पूर्ण मल्लरानी वासी बुवा,आमा दाजु भाई तथा दिदि बहिनीहरुमा सर्वप्रथम म न्यानो अभिवादन व्यक्त गर्दछु ।

आदारणीय महानुभावहरु,

आज हामी यस सम्मानित गरिमामय सभामा मल्लरानी गाउँपालिकाको बर्तमान अवस्था र भविष्यको मार्गचित्र कोर्नका निम्ति यहाँ उपस्थित भएका छौ ।

मिति २०७३ फागुन २७ गतेको नेपाल सरकारको निर्णयबाट स्थापित भई भरखर बामे सर्दै गरेको यस शिशु गाउँपालिकाका थुप्रै चुनौतिहरु रहेका छन् । पूर्वाधारको विकास गर्नु प्रने आवश्यक्ता रहेको छ । विगतमा गा.वि.स.हरुको न्युन आयश्रोत र केन्द्रको सिमित अनुदानले न्यूनतम पूर्वाधारको विकास समेत गर्न सकिने अवस्था थिएन । हालै आएर नेपालको संविधान २०७२ को कार्यान्वयन संगै स्थानीय तहहरुमा जाने बजेटमा वृद्धि भएको छ । तथापी स्थानीय निकाय गठन भई कार्य प्रारम्भ भएता पनि सरकारले दरबन्दी अनुसारका कर्मचारीहरुको व्यवस्थापनमा गरेको ढिलाइका कारण बजेट कार्यान्वयन तथा गाउँपालिकाले सेवा प्रवाह गर्नमा निकै कठिनाईहरु विद्यमान रहेका छन् ।

विभिन्न कठिनाई हुँदाहुँदै पनि **आ.व. २०७४/०७५** को लागि तयार गरिएको वार्षिक बजेट, नीति तथा कार्यक्रमका साथै गाउँपालिकाका विविध पक्षहरु बारे परिचय गराउन चाहान्छु ।

खण्ड १ - परिचय

१.१स्थानीय तहको संक्षिप्त परिचय

नेपालको मध्य भाग महाभारत श्रीङखलामा शीर भै दक्षिण हुदै बग्ने राप्ती नदीको सहायक नदीहरु झिमरुक,चुजा खोलाको विचमा सुन्दर मल्लरानी डाडाको काखमा मल्लरानी गाउपालिका रहेको छ । ५ नं प्रदेशमा पर्ने यो मल्लरानी गाउँपालिकामा साबिकका चुजा,धरमपानी,रस्पुरकोटका वडा नं ६,७,८ र ९ सम्म,प्यूठान नगरपालिकाका वडा नं. १,२,३,५ र १८ मिलि बनेको छ । यो गाउँपालिकाको पूर्ब अर्घाखाचीको भुमिकास्थान न.पा.,मालारानी गा.पा. , दक्षिण प्यूठान न.पा. र एरावती गा.पा. पर्दछ भने पश्चिम प्यूठान न.पा. र उत्तर झिमरुक गा.पा. पर्दछ ।

भौगोलीक अबस्था

८२°४९ देखि ८३°११ पूर्वी देशान्तर र २८°२ देखि २८°७ अक्षाश बिच अवस्थीत मल्लरानी गाउपालिका करिव ८०.०९ वर्ग कि.मि. क्षत्रफलमा समुन्द्री सतह देखी करिव ४९२ देखी १८८२ मी सम्म फैलिएको छ ।

सामाजिक, सांस्कृतिक र रितिरिबाज

१७६८६ जनसंख्या रहेको यो गाउँपालिकामा पनि देशको अन्य क्षेत्रमा जस्तै बहुल, जाति धर्म र संस्कृतिको बस्ति छ । करिव २७% मगर जातिको बसोबास रहेको यो गाउँपालिकामा कामी, दमाई, क्षेत्री, बाहुन, नेवार, सार्की, गुरुङ, घर्ति लगाएतको जातिगत मिश्रीत बस्तीहरु छन । जातीय तथा धार्मिक सहिष्णुता र सद्भाब यहाँको विशेषता रही आएको छ । आ-आफ्नो जाती संस्कृति अनुसार हुने बिवाहको अतिरिक्त अन्तर जातिय विवाह समेत स्वीकार्य छ । छुवाछुत प्रथा पनि हट्दै गएता पनी सामाजिक रुपमा विद्यमान छ । यहाँ बोलीने भाषामा नेपालीका साथै नेवार, समुदायमा मातृभाषा पनि प्रचलनमा छ । हिन्दु धर्मको बाहुल्यता रहेको यस क्षेत्रमा मठ, मन्दिर, शिला, भूमि, वृक्ष र जलमा परमेश्वरको आराधना र पुजा हुन्छ । परम्परादेखी आ-आफ्ना जातीय संस्कृति अनुसार घाटु,सोरठी, वालन, मालसोरी लोप हुनै लागेपनी मारुनी,पन्चेबाजा,सराय,भ्याउरे, चुड्का आदीले अस्तित्व सम्म धान्दै आएको छ । आधुनिक प्रविधिको प्रयोगले बिगतको संस्कृतिलाई किनारा लगाउने कम यो क्षेत्रमा पनि अन्यत्र जस्तै छ ।

चाडपर्बमा साउने सक्रान्ती नागपञ्चमी, जनैपुर्णिमा, कृष्ण जन्माष्टमी, हरीतालीका तिज वडादशै दिपावली (तिहार), माघेसक्रान्ती चैते दशै (रामनवमी) शिवरात्री, नवबर्ष सक्रान्ती बुद्धजयन्ती यस क्षेत्रमा मनाइने जातीगत र सामुहिक चाडपर्व हुन ।

ऐतिहासिक धरोहर तथा सम्पदाको रुपमा झाक्रीस्थान यस क्षेत्रकै प्रसिद्ध धार्मिक स्थल हो भने शिवालय,देवी कोट श्रद्धा र अस्थाका केन्द्र हुन ।

आर्थिक पक्ष

यो गाउँपालिकाको प्रमुख पेसा कृषि भएपनि बिस्तारै युवा बैदेशिक रोजगारमा जाने प्रबृत्ति र उत्पादनको तुलनामा लागत बढ्नाले यो पेशा प्रति आकर्षणको सट्टा बिर्कषण बढ्दै छ । स्थानीय उत्पादनले यहाँका बासिन्दालाई मुस्किलले ६ महिना धान्न सक्छ । कृषि उत्पदनमा मकै, धान, कोदो, गहुँ, फापर,तोरी हुन । अन्य बालीमा मास, भटमास, गहत, बोडी, केराउ, आलु, पिडालु, र अदुवा बेसार हुन । फलफुलमा लेकतर्फ सुन्तला, कागती, अमिलो (निबु) र बेसिमा केरा, आप, कटहर, मेवा, अम्बा, नासपती, लिचि आदी हुन यी मध्य सवै जसो निर्वाहमुखी छन । घरायसी प्रयोगका लागी सिमित हुन्छ । यहाँ उत्पादित वस्तु मध्ये मुख्य रुपमा अदुवा, बोडी, भट्टमास, सुन्तला, पिडालु, बेसारका साथै स्थानीय जातका खसी, कुखुरा, घ्यू उत्पादन भएपनी औद्योगिक उत्पादनका लागी पूर्बाधार विकासमा जोडदिन पर्नेछ ।

यहाको मुख्य आयआर्जन माथि उल्लेखित कृषि जन्य बस्तु अमृसो बाट बनेका बस्तु,दालचिनीको पात तथा बोक्रा र सल्लोको खोटो निर्यातका साथै देश र विदेशमा रोजगारका लागी जाने युवाहरुको कमाई मुख्य स्रोत हो । खाद्य लगायत लत्ता, कपडा र निर्माण सामाग्री आपूर्तिका लागी रेमिटान्सले धानेको छ । त्यसैले बैदेशिक रोजगारबाट आउने रकम नै जिवन धान्ने साहारा बनेको छ ।

शिक्षा र रोजगार

यस क्षेत्रमा शैक्षिक गती विधी धरै पहिले देखीनै औपचारिक,अनौपचारिक रुपमा संचालनमा रहेपनी प्राविधिक शिक्षाको अभावमा शैक्षिक बेरोजगारीको दर ज्यादै उच्च रहेको छ । रोजगारकालागी स्थानीय स्तरमा उपयुक्त बातावरण नहुनाले देश बमहिर अन्य क्षेत्रमा भारत लगायत मलेसिया, जापान, अष्ट्रेलिया, अरबी मुलुक साथै यूरोप र अमेरिकामा समेत जाने क्रम जारी छ । यसरी रोजगारमा जाने मध्ये सुरुमा ब्रिटिस र भारतीय सेनामा सिमित भएकोमा पछिल्ला दिनमा बहुराष्ट्रिय कम्पनी र घरेलु कार्यमा पनि जाने चलन छ । शिक्षा र रोजगारका लागी बिदेश जाने क्रम बढ्दो रुपमा छ ।यस कारणले गर्दा शिक्षालाई अगाडी बढाउनको निम्ती र थप शसक्त र मुर्त रुप दिनको लागी शिक्षा क्षेत्रमा १५ प्रतिशत रकम छुट्याई शैक्षीक तथा भौतीक कार्यमा लगानी गरिएको छ ।

१.२ विद्यमान अवस्थाको समिक्षा

१.२.१ सबल पक्ष

१) राज्य पुर्नसंरचनाका कारण स्थानीय तहबाट सेवा र सुविधामा सहज हुने । साना साना काममा पनि सेवा केन्द्र र जिल्ला सदरमुकाम धाउन नपर्ने ।
२) उपयुक्त भुधरातल हुनाले उत्पादनमा बिविधता हुने ।
३) प्यूठान जिज्ल्लाको सदरमुकाम क्षेत्र समेत यस गाउपालिकामा पर्ने भएकोले पूर्वाधार तथा प्रविधिको क्षेत्रमा अन्यत्र भन्दा केही विकास भएको ।
४) स्वच्छ हावा, पानी, नदी, खोला भएकोले बस्नका लागि अनुकुल वातावरण ।
७) अधिकांस स्थानमा बिद्युतीकरण भएकोले यी पक्षका कारण कृषि तथा पशुपालन पर्यटन प्रवर्धन बाट युवा स्वरोजगार कार्यक्रम सञ्चालनमा प्रभावकारीता ल्याउन सकिने र त्यसबाट अर्थिक तथा सामाजिक विकास हुने ।

१.२.२ कमजोर पक्ष

१) ग्रामीण क्षेत्रमा हालसम्म यथेस्ट पूर्वाधारको बिकस नहुनु । जस्तै बाटो, खानेपानी,सिंचाई, कृर्षि ।
२) केही क्षेत्रमा भौगोलिक विकटताले सेवा केन्द्र र स्रोत केन्द्रहरुबाट सेवा सुविधामा पहुँच कम हुनु । समय र आर्थिक भार बढ्नु ।
३) चेतनाको विकास कम हुनु ।

१.२.३ अवसर

१) स्थानीय तहमा स्रोत ब्यवस्थापन सहितको अधिकार ।
२) निर्माणाधीन विभिन्न योजनाहरु ।
३) तुलनात्मक रुपमा भौगोलीक रुपमा सानो क्षेत्र
४) समयमा योजना तर्जुमा तथा कार्यान्वयनमा सहजता ।
५) आफ्नो क्षेत्रको विकास र समृद्धिका लागी आफैले नीति निर्माण योजना र कार्यान्वयन गर्ने अवसर प्राप्त ।
६) सास्कृतिक तथा पुरातात्वीक महत्व र सम्पदाको संरक्षण गरी आन्तरिक र बाह्य पर्यटन प्रबर्धनका सम्भाबना ।
७) मल्लरानी लगायतका स्थानमा पर्यटन विकासको प्रचुर संभावना ।

१.२.४ चूनौती

१) राजनैतिक सामान्जस्यता जबसम्म राजनीति समाज सापेक्ष नभई व्यक्तिगत महत्बकाङ्क्षी र बदलाको दृष्टिबाट व्यवहार गरिन्छ तबसम्म सामाजिक समस्या हलगर्न र आर्थिक समद्धितर्फ अगाडी बढ्न गाह्रो हुन्छ । नेतृत्व दलिय भावनाबाट माथि उठ्न सकेमात्र चुनौती कम हुन्छ ।

२) हिंसा र सचेतिकरण

३) युवा बेरोजगार

४) उत्पादन लागत बढ्नाले खेतिपाती र पशुपालनमा समस्या ।

५) प्राविधिक शैक्षिक बातावरण उत्साहजनक नहुनु ।

६) निर्माणाधीन मोटर मार्ग र पुलहरु बन्न ढिलाई हुनु ।

७) दरवन्दी बमोजिमका दक्ष जनशक्तीको पुर्ति नहुनु ।

८) आन्तरिक आय स्रोतका संभावनाहरु ज्यादै न्यून हुनु ।

९) बस्तिहरु छरपस्ट हुनु (एकिकृत वा ब्यवस्थित नहुनु) ।

१०) कृषि उत्पादनका लागी सिंचाई सुविधा पर्याप्त र ब्यवस्थित नहुनु ।

११) अधिकांस बस्तीमा खानेपानीको समस्या विकराल रहनु

१.३ वार्षिक नीति, बजेट तथा कार्यक्रम तर्जुमाका लागि अवलम्बन गरिएको पद्धति

सम्बन्धित वडा समितिले बस्तीस्तरको आयोजना छनौट गर्दा वडा भित्रका वस्तिहरुलाई भौगोलिक अवस्थिती, जनसंख्या, विकासका पुवार्धारका सुविधा लगायतका आधारमा क्लस्टर निर्माण गरी सबै नागरिकलाई योजना छनौटको व्यवस्था मिलाई बालबालिका, महिला, आदिवासी जनजाती, दलित, अपांग, सीमान्तकृत, पिछडावर्ग लगायत सबै समुदायको अर्थपूर्ण उपस्थिति गराई नागरिक समाजका संस्थाहरु, महिला, आमा समुह, बालक्लब, स्थानीय गैर सरकारी संस्थाहरु, सहकारी संस्थाहरु, निजी क्षेत्रका संस्थाहरु जस्ता स्थानीय संघ संस्थाहरुको सक्रीय सहभागी गराई वडा समितिमा पेश गरिएको ।

वडा समितिले गाउँपालिकाबाट प्राप्त आयोजनाको प्राथमिकिकरण मापदण्डको आधारमा टोल, बस्तीस्तरबाट प्राप्त आयोजनालाई विषयक्षेत्र समेत छुटयाई प्राथमिकिकरण गरी बजेट तथा कार्यक्रम तर्जुमा समितिमा सिफारिश गरी पठाईएको । श्रोत अनुमान तथा बजेट सीमा निर्धारण समितिले निर्धारण गरेको सीमाभित्र रही बजेट तथा कार्यक्रम तर्जूमा समितिले आयोजनाको प्राथमिकिकरण गरी योजनाहरु निर्धारण गरिएको ।

१.४ आयोजना प्राथमिकिकरणका आधारहरु

- आर्थिक विकास र गरिबी निवारणमा प्रत्यक्ष योगदान पुऱ्याउने,
- उत्पादनमूलक र छिटो प्रतिफल दिने,
- राजस्व परिचालनमा योगदान पुऱ्याउने ,
- सेवाप्रवाह,संस्थागत विकास र सुशासनमा योगदान पुऱ्याउने ,
- स्थानीय स्रोत साधनमा आधारित भई जनसहभागिता अभिवृद्धी गर्ने,
- लैंगिक समानता,सामाजिक समावेशीकरणको अभिवृद्धी हुने,
- दिगो विकास,वातावरण संरक्षण र विपद व्यवस्थापनमा योगदान पुऱ्याउने,
- समुदायलाई विपद तथा जलवायु परिवर्तन उत्थानशिल बनाउने,
- स्थान विशेषको संस्कृति र पहिचान प्रवर्द्धन गर्ने,
- खेलकुदलाई प्रवद्धन गरिने छ ,
- स्थानीय पशुपालनलाई नस्ल सुधार गरी व्यवसायीकरण गरिने छ ,
- कृषिलाइ व्यवसायिकरण गरी स्थानीय जनताको आय स्तरमा वृद्धी गर्ने
- स्थानीय तहले आवस्यक देखेका अन्य विषयहरु ।

खण्ड २ - चालु आ.व. २०७३/७४ को समिक्षा

२.१ साविकको स्थानीय निकायहरुबाट सम्पन्न कार्यक्रमको समिक्षा

बहुदलीय ब्यवस्थाको पुर्नस्थापना पुर्व यो क्षेत्र हाल (मल्लरानी गाउँपालिका) मा बिकाशको गतिबिधि नगन्य थियो । बहुदलीय ब्यवस्था पुर्नस्थपना पश्चात खासगरी ग्रामीण स्वावलम्वन हुदै “आफ्नो गाउँ आफै बनाउ” भन्ने भावना साथ स्थानीय निकायमा बजेट आउन थालेपछि गाउँ गाउँ टोल टोलमा कच्ची मोटर बाटो निर्माण हुन थाल्यो । बिद्यालय भवन निर्माण र निजी स्रोतबाट शिक्षक भर्नागरी शिक्षामा जोड दिइयो । केही रोजगार सृजना भयो र कच्ची बाटो भएपनी हिउँदका दिनमा गाउँटोलसम्म दैनिक उपभोग्य बस्तु आपूर्ती र निर्माण सामाग्रीमा सहजता भयो । विकासले गति लिन लागेको बेलामा दश बर्षे जनयुद्ध सुरु हुनु, गा.बि.स. संचिब गा.बि.स. मा बस्ने बाताबरण नबन्नु र स्थानीय चुनाब नहुनाले बिकाशले गति लिन सकेन ।

खण्ड ३ - आगामी आ.व. २०७४/७५ को नीति, बजेट तथा कार्यक्रम

३.१ सोंच

स्वच्छ,समृद्ध र समुन्नत गाउँपालिका निर्माण गर्ने ।

३.२ लक्ष्य

संभाव्य पर्यटकीय क्षेत्रको पहिचान गरी पर्यटकीय रुपमा विकास गर्दै रोजगारी सृजना गरी गरिबी न्यूनिकरण तर्फ केन्द्रीत हुने ।

३.३ उद्देश्य

- भैतिक पूर्वाधार निर्माण तथा स्तरोउन्नती गर्ने ।
- मौलिक साहित्य ,संगीत तथा कलाको संरक्षण प्रवर्द्धन गर्ने ।
- वतावरण संरक्षण तथा सरसफाइ प्रवर्द्धनमा ध्यान दिने ।
- पर्यटकीय क्षेत्रको संभाव्यता अध्ययन गरि लगानीका लागि उपयुक्त वातावरण सृजना गर्ने ।
- कृषि, पशुपालन तथा जडिबुटी उत्पादन, संरक्षण तथा बजारीकरणलाई प्रवर्द्धन गर्ने ।
- लक्षित वर्ग हित अनुकूल हुने कार्यक्रम संचालन गर्ने ।

३.४ अपेक्षित उपलब्धी

स्थानीयतह सुदृढ नभई देश समृद्धि हुन नसकेको बिगतको सिकाईबाट संबिधानबाटै स्थानीय तहलाई साधन स्रोत र अधिकारको ब्यवस्था भएबाट यतिबेला सतहमा तरङ्ग पैदा भएको छ । धेरै आस र अपेक्षा जागेको छ । यस गाउँपालिकाका बासिन्दालाई पनि अब त छिट्टै विकास हुन्छ , हामी सुखी र खुसी हुने दिन नजिक आउदैछ भन्ने अपेक्षा जागृत भएको छ । यस्तो अपेक्षा पूर्तिका लागी सर्वप्रथम यो गाउँपालिकाको समृद्धिका लागी आबश्यकता संभाब्यता र क्षमताको आधारमा गुरु योजना बनाई सर्वदलीय सर्वपक्षीय प्रतिबद्धता हुनुपर्दछ । एक आ.ब. को बजेटबाट

जन अपेक्षा अनुरुप विकास सम्भव नभएपनी केही हुदैछ र राम्रो तरिकाबाट योजना अगाडी बढ्दै छ भन्ने बिश्वास दिलाउन सक्ने आधार हुनेछ । साथै,

१) राजनैतिक नेतृत्व उदार र सहिष्णु हुनेछ ।
२) पछाडी परेका बा पारिएका क्षेत्र जाती र वर्गलाई केन्द्रमा राखी योजना तर्जुमा गरी ती पक्षलाई अगाडी ल्याउनेछ ।
३) बालमैत्री, अपाङ्ग मैत्री, र बातावरण मैत्री गाउँपालिका बन्नेछ ।
४) प्रत्येक वडाबाट गाउँपालिका केन्द्र र बजारसम्म पहुँच पुग्नेगरी मोटर मार्ग निर्माण र स्तरोन्नती हुनेछ ।
५) ब्यवस्थीत बस्ति विकास, भूकम्पीय जोखिम न्यूनिकरण भबन र संरचना निर्माणको लागी तालीम गोष्टि आदिको ब्यबस्था हुनेछ ।
६) पर्यटन पुर्बाधार विकास गरी मल्लरानी लाइ पर्यटकीय गन्तव्य बनाउनुका साथै विभिन्न ठाउमा होमस्टे संचालन गरिनेछ ।
७) मातृशिशु जोखीम न्युनिकरणको लागी जिरो होम डेलिभरी कार्यक्रम प्रवर्धन गरिने छ ।
८) ब्यबसायिक कृषि तथा पशुपालन लाई प्रोत्साहन गरिनेछ ।
९) अर्गानिक उत्पादन र प्राङगारीक मल उत्पादन तर्फ जोड दिईनेछ ।
१०) सिचाई ब्यबस्था नहर कुलो सुधार बेमौसमी तरकारी उत्पादनका लागी खोल्सीहरुमा पाइपद्धारा सिचाइ बा थोपा सिचाई अभियानलाई अगाडी बढाईनेछ ।
११) जेष्ठ नागरिक सम्मान तथा स्थास्थ्य परीक्षण कार्यक्रम ल्याईनेछ ।
१२) ऐतिहासिक धरोहर र सम्पदाहरुको संरक्षण र सम्वर्द्धन र प्रवर्धन गरी आन्तरीक र बाह्य पर्यटनलाई जोड दिईनेछ ।
१३) स्वरोजगार युवा रोजगार मुखी कार्यक्रम कृषि, पशुपालन, पर्यटन, नर्सरी मौरी र माछा पालनलाई प्राथमिकता दिइनेछ ।
१४) घर घरमा स्बच्छ खानेपानी आपूर्ती ब्यबस्था गर्नेतर्फ आवश्यक पहल गरिनेछ ।
१५) संचालनमा रहेका स्वास्थ्य संस्थाको सेवालाई थप स्तरीकृत गरिने छ ।
१६) जडिबुटी,काठजन्य तथा फलफुलयुक्त विरुवाको उत्पादनका लागी नर्सरी स्थापना गरिने छ ।
१७) लेक र बेसीमा अनुकुल फलफूल उत्पादन बृद्धिका लागी तालिम, बिरुबा उत्पादन र उपलब्धता ब्यबस्थापन गर्नेतर्फ ध्यान दिईनेछ ।
१८) आशा र भरोसा जगाउने शैक्षिक बाताबरणको सृजना हुनेछ ।
१९) बालमैत्री कार्यक्रमहरुको संचालन गरिने छ ।
२०) बाल विवाह न्यूनिकरणको लागी अभियान संचालन गरिने छ ।

देश यतिबेला नया अभ्यासमा जादैछ । यो अभ्यास राम्रो भए स्थानीय तह सुखद र समृद्ध हुनेछ । स्थानीय तहको सम्बृद्धि बाटै देश पनी सम्बृद्ध हुने छ । यो अभ्यास साकार गर्न राजनैतिक सुझबुझ र सहमति पहिलो शर्त हो । पारदर्शिता,जवाफदेहिता र सुशासन बिश्वासको जग हो ।

३.५ वार्षिक बजेट तथा कार्यक्रम तर्जुमा गर्दा अवलम्बन गरिएका प्रमुख नीति तथा आधारहरु

- नेपालको संविधान २०७२ को अनुसुची ८ र ९ मा उल्लिखित अधिकारको सूची,
- नेपालको संविधानमा उल्लिखित मौलिक हकहरु,
- नेपालको संविधान भाग ४ अर्न्तगतका राज्यका आर्थिक,सामाजिक विकास,प्राकृतिक श्रोतको उपयोग,वातावरण संरक्षण सम्बन्धी नीतिहरु,धारा ५९ को आर्थिक अधिकार,भाग १९ को आर्थिक कार्य प्रणाली,
- नेपाल सरकारबाट स्विकृत संघ,प्रदेश र स्थानीय तहको कार्यविस्तृतीकरणको प्रतिवेदन,
- आवधिक योजनाले लिएका नीति तथा प्राथमिकताहरु,
- संघीय सरकारले अवलम्बन गरेका आर्थिक तथा वित्तिय नीतिहरु,
- स्थानीय तहको आवधिक योजनाले तय गरेका प्राथमिकताहरु,
- नेपालले अन्तराष्ट्रिय जगतमा जनाएका प्रतिवद्धताहरु,
- स्थानीय शासन संचालन ऐन र नियमावलीका प्रावधानहरु,
- विकासका समसामयिक मुद्धाहरु जस्तै सामाजिक संरक्षण ,दिगो विकास,जलवायु परिवर्तन र विपद व्यवस्थापन,खाद्य तथा पोषण सुरक्षा,लैंगिक सशक्तिकरण तथा समावेशी विकास,बालमैत्री स्थानीय शासन ,वातावरणमैत्री स्थानीय शासन,अपाङ्ग मैत्री,छुवाछुत अन्त्य गरी समता मुलक शासन,लैंगिक हिंसा अन्त्य आदि विषयहरु,
- यस गाउपालिका क्षेत्रको यथार्थ बस्तुस्थीती

३.५.१ समग्र नीति तथा आधारहरु

नेपालको संविधान, वर्तमान त्रिवर्षिय योजना, नेपाल सरकार क्षेत्रगत नीति तथा कार्यक्रम, तालुक मन्त्रालयको वजेट सिलिङ तथा मार्गदर्शन, आन्तरिक आयको अवस्था,स्थानीय तहको योजना तथा बजेट तर्जुमा दिग्दर्शन, २०७४, विषयगत मन्त्रालय अन्तर्गतका सम्वन्धित कानुनहरु संग समन्वय एंव नेपाल सरकारको तालुक मन्त्रालयबाट समय समयमा प्राप्त नीति निर्देशन एंव मार्गदर्शन र आवश्यकता, जनचाहाना साथै संस्थागत आवश्यकतालाई हृदयगंम गरी यो नीति तथा कार्यक्रम तय गरिएको छ ।

आगामी दिनहरुमा विकास निर्माण प्रक्रिया अगाडी वढाउनका निमित्त निम्नानुसारका नीति तथा कार्यक्रम अघि सारिएको छ ।

१) मूलभुत नीति तथा कार्यक्रम

- सकारात्मक सोंचका साथ समृद्धिको दुरदृष्टी तय गरी योजनावद्ध तरिकाले अघि वढ्ने नीति लिइने छ ।
- विकासका कार्यहरुलाई परिणाममुखि वनाउन नतिजामा आधारित (Result based) विकास गर्ने परिपाटी अवलम्वन गरिनेछ ।
- स-साना टुक्रा योजना बनाई परिणाम देखाउन नसकिने योजना निर्माण गर्ने पक्रिया एंव परिपाटिको अन्त्य गर्नेतर्फ प्रयास गरिनेछ ।
- न्युनतम आधारभुत आवश्यकतालाई पहिलो प्राथमिकतामा राखि बजेट विनियोजन गर्ने नीति लिइनेछ ।
- नियमित प्रशासनिक सेवा प्रवाहलाई मुस्कान सहितको सेवा (service with smile) को नीति लिइनेछ ।
- सेवाग्राहीहरुको गुनासो तथा उजुरीहरुलाई तत्काल समाधान गर्ने नीति लिइनेछ ।
- पारदर्शीता, जवाफदेहीता, इमान्दारिता, कर्तव्यनिष्ठताका साथ सेवा प्रवाहलाई सुशासन मैत्रि वनाउदै लगिनेछ ।
- लक्षित वर्गलाई प्रत्यक्ष लाभ हुने ठोस योजना (Concret Project lunch) निर्माण गर्ने नीति अवलम्वन गरिने छ ।
- अधिक जनतालाई लाभ पुग्ने र जनताको जनसहभागिता जुट्ने किसिमको योजनालाई प्राथमिकतामा राखिनेछ ।

-
- आवधिक योजनाहरु विकास गर्नका लागि गाउँस्तरिय आवधिक योजना(Rural Municipal periodic plan) तर्जूमा गर्नका लागि आवश्यक पहल गर्ने नीति लिईनेछ ।
- पूर्वाधार विकास र आर्थिक तथा सामाजिक विकासलाई संगसंगै (Parallelly) अगाडी वढाइनेछ । सामाजिक विकासको नाममा हुने अनुत्पादक खर्चलाई निषेध गरिनेछ ।
- गाउँपालिका अर्न्तगतका विषयगत निकायहरुले प्रवाह गर्ने सेवालाई चुस्त द्रुस्त र पारदर्शी बनाउनेतर्फ ध्यान दिईनेछ ।
- गाउँपालिका अर्न्तगत संचालित विकास निर्माणका योजना , आयोजना तथा परियोजनाहरुको प्रभाकारिता र गुणस्तरका लागि गाउँपालिकाको प्रत्यक्ष निगरानीमा संचालन गरिनेछ ।
  - आम गाउँवासीको आयस्तरमा वृद्धि हुने तथा घर घरमा रोजगार सिर्जना हुने कार्यक्रमहरु संचालन गर्नका लागि Employment at home को नीति अवलम्वन गरिनेछ ।
  - आर्थिक वर्ष को अन्त्यमा मात्र काम गर्ने परिपाटीको अन्त्य गरी बाह्रै महिना योजना तथा विविध गतिविधिहरु संचालनमा ल्याइने (all weather service and activities) नीति अवलम्वन गरिनेछ ।
  - सार्वजनिक सुनुवाई कार्यलाई निरन्तरता दिइनेछ
  - सार्वजनिक परिक्षण गर्ने कार्यलाई निरन्तरता दिईनेछ ।
  - निर्माण कार्यको भौतिक परिक्षण गराइनेछ ।
  - सहभागितामा योजना छनोट गर्ने कार्यलाई विशेष प्रथामिकता दिइनेछ ।
  - योजना कार्यन्वयनमा उपभोक्ताको अनिवार्य संलग्नता गरिनेछ ।
  - बजेटलाई अवन्डा नराखी कार्यक्रममा समावेश गरिनेछ ।
  - लक्षित कार्यक्रमको वजेटलाई सोही वर्गलाई प्रत्यक्ष लाभ पुग्ने गरी भौतिक तथा अन्य कार्यक्रममा लगानी गरिनेछ ।

३.५.२ क्षेत्रगत नीति तथा आधारहरुः

पूर्वाधार विकास तर्फ

- गाउँपालिकाले प्राथमिकता निर्धारण गरेका सडकहरुमा प्राथमिकताका साथ लगानी गर्ने तथा गाउँपालिकाको श्रोतले नसक्ने अवस्थाका ठुला सडकहरुलाई सरोकारवाला सम्वन्धित निकायसंग समन्वय गरी निर्माण गरिनेछ ।
- खानेपानी तथा सरसफाइलाइ उच्च प्राथमिकतामा राखीने छ ।
- गाउँपालिकास्तरीय रिंगरोड निर्माण कार्यलाई प्राथमिकता दिईनेछ ।
- सिंचाई योग्य जमिनको उचित संरक्षण गरि कृषि उत्पादनमा व्यवसायीक रुपमा विकास गरिने छ ।
- भवन निर्माण आचारसंहिता २०७२ कार्यान्वयनमा ल्याइनेछ । भुकम्प प्रतिरोधी संरचना निर्माणलाई कार्यान्वयन गरिने नीति अवलम्वन गरिने छ ।
- न्यूनतम पूर्वाधार जस्तै सडक, विजुली, खानेपानी, संचार, जस्ता पूर्वाधार निर्माण गर्दा निश्चित मापदण्डको आधारमा मात्र संरचनाहरु निर्माण गर्ने परिपाटी बसालिनेछ ।
- गाउँपालिकाको विशिष्ट पहिचान दिने अस्तित्वको पहिचान एंव सांकेतिक समृद्धि (Symbolic prosperity) झल्किने खालका योजनाहरु निर्माणमा प्राथमिकता दिइनेछ ।
- योजनावद्ध विकासमा निर्द्धिष्ट गरे अनुसार प्राथमिकताका आधारमा भौतिक पूर्वाधारमा लगानी गरिनेछ ।
- स्वरोजगार उन्मुख पूर्वाधार निर्माणलाई प्राथामिकतामा राखिनेछ ।
- अधुरा योजनाहरुलाई प्राथमिकताका आधारमा समय सारणी(Time table) सहित सम्पन्न गर्न श्रोतहरुको खोजी गरी सम्पन्न गर्न प्राथमिकता दिईनेछ ।
- मल्लरानी गाउँपालिकालाई पर्यटकीय स्थल (Tourism Hub) को रुपमा विकास गरिनेछ ।

व्यवस्थित शहरीकरण :

- वस्ती विकास योजना तर्जुमा गर्दा खेतीयोग्य जमिन नमासीने ,वातावरण प्रदुषण नहुने गरी निर्माण गर्न सम्वन्धित निकायमा आवश्यक पहल गरिनेछ । यसका लागि तत्कालिन रुपमा ग्रामीण क्षेत्रभित्र रहेका सार्वजनिक तथा पर्ति जग्गाहरुको लगत संकलन गरी गाउँपालिकाको सम्पतिको रुपमा अभिलेखिकरण गरिनेछ ।

वातावरण संरक्षण तर्फ :

- भौतिक संरचना निर्माण गर्दा वातावरण मैत्री हुनेगरी निर्माण गरिनेछ । एउटा संरचना वन्दै गर्दा अर्को प्राकृतिक सम्पदा विनास हुने प्रकृतिको अन्त्य गर्न Bioengineering सहितको पूर्वाधार निर्माण गर्ने नीति अवलम्वन गरिनेछ ।
- नाङ्गा डाँडाहरुमा वृक्षा रोपण गर्न संवन्धीत निकायहरुसंग सहकार्य गरी वृक्षारोपण गरी प्राकृतिक प्रकोपबाट जोखिमलाई न्यूनिकरण गर्न सहकार्य गर्ने नीति लिइनेछ ।
- ग्रामीण विकासलाई वातावरणमैत्री वनाउदै लगिनेछ ।
- आकर्षक बस्ती विकास गर्न घर वरिपरी सौन्दर्य दिने खालका बोटविरुवा रोप्न प्रोत्साहित,करेसावारी वनाउनु पर्ने लगायतका न्यूनतम वातावरणीय संरक्षणका उपायहरु अवलम्वन गरिनेछ ।
- वजार क्षेत्रभित्रका सरकारी एंव गैर सरकारी कार्यालयहरुमा वातावरणमैत्री पर्यावरण निर्माण गर्न सरोकारवाला निकाय संग समन्वय गरिनेछ ।

स्वास्थ्य तथा आयुर्वेद

निति तथा कार्यक्रमहरु :

स्वास्थ्य तर्फ

१. **खोप सेवा** : खोप कार्यक्रम अर्न्तगत पुर्ण खोप दिगोपना र खोप कार्यक्रमलाई बिषेश जोड दिईनेछ ।

२.**मातृ तथा नवशिशु स्वास्थ्य कार्यक्रम** : मातृ तथा नवशिशु मृत्यू दर घटाउन बिभिन्न किसिमको कार्यक्रमहरु स्वास्थ्य संस्थाहरु मार्फत संचालन गरिनेछ ।

३.**पोषण सेवा कार्यक्रम** : ५ बर्ष मुनिका बालबालिकाहरुको पोषण स्वास्थ्य स्थिति सुधारका लागि पोषण प्रबर्द्धन कार्यक्रमहरु संचालन गरिनेछ ।

४.**महिला स्वास्थ्य स्वयं सेविका कार्यक्रम** : महिला स्वास्थ्य स्वयं सेविकाहरु द्वारा स्थानिय स्वास्थ्य सेवा प्रर्वद्धनात्मक र प्रतिकारात्मक कार्यक्रम प्रभावकारी रुपमा संचालन गर्नका लागि क्षमता अभिबृद्धि गरि प्रोत्साहन गरिनेछ ।

५.**जनसंख्या ब्यवस्थापन कार्यक्रम** : बिद्यालय केन्द्रित साथी शिक्षा कार्यक्रम अर्न्तगत बिभिन्न किसिमका क्रियाकलापहरु संचालन गरिनेछ ।

६.**सुरक्षित मातृत्व सेवा कार्यक्रम** :गुणस्तरिय गर्भ जाँच ,सुरक्षित प्रसुति सेवा र प्रभावकारी उत्तर प्रसुति सेवा अभिबृद्धिका लागि बिभिन्न किसिमका कार्यक्रमहरु संचालन गरिने छ ।

७.**परिवार नियोजन सेवा कार्यक्रम** :सुक्ष्म योजना सहितको परिवार नियोजन सेवा प्रभावकारी बनाउने र परिवार नियोजन सम्बन्धि सम्पुर्ण सेवाहरु क्रमागत रुपमा सबै स्वास्थ्य संस्थाहरुबाट उपलब्ध गराईनेछ ।

८.**गाँउघर क्लिनिक सेवा कार्यक्रम** : स्वास्थ्य सेवाको पहुँच स्थानिय तह सम्म पु-याउन गाँउघर क्लिनिकलाई थप प्रभावकारी बनाउदै भौतिक पुर्वाधार तयार गरि स्थानियहरुको सहभागीता प्रभावकारी बनाईने छ ।क्रमश सामुदायिक स्वास्थ्य सेवा ईकाईमा स्तरोन्नतीका लागि माग गरिने छ ।

९.**राष्ट्रिय क्षयरोग नियन्त्रण कार्यक्रम** : क्षयरोग संक्रमण दर न्युनिकरण गर्दै क्षयरोग मुक्त गाँउपालीका बनाउनका लागी विभिन्न किसिमका कार्यक्रमहरु संचालन गरिने छ ।

१०. **कुष्ठरोग नियन्त्रण कार्यक्रम** : कुष्ठरोग खोज पडताल तथा उपचार सेवा कार्यक्रमहरु संचालन गरिने छ ।

११. यौनरोग तथा एच.आइ.भि/एड्स : एच.आई.भि/एड्स तथा यौनरोग सम्वन्धि रोकथाम तथा सचेतना मुलक विभिन्न किसिमका कार्यक्रमहरु संचालन गरिने छ ।

१२. **विपद व्यवस्थापन** : स्वास्थ्य सम्वन्भि गाँउपालीका स्तरिय विपद व्यवस्थापन समिति गठन गरि विपद न्युनिकरण सम्वन्धि विभिन्न कार्यक्रम संचालन गरिने छ ।

१३.**किशोर किशोरी कार्यक्रम** : किशोर किशोरी कार्यक्रम मार्फत स्वास्थ्य संस्था तथा विद्यालयहरुमा प्रजनन् स्वास्थ्य शिक्षा कार्यक्रम संचालन गरिने छ ।

१४. स्वास्थ्य सम्वन्धि विभिन्न दिवसहरु मनाईने छ ।

१५. स्थानिय छापा तथा विद्युतिय संचारका माध्यम मार्फत सन्देश मुलक कार्यक्रमहरु संचालन गरिने छ ।

१६. करकोष कार्यक्रम अन्तरगत चेतनामुलक कार्यक्रमहरु संचालन तथा नियमन गरिने छ ।

१७.नेपाल सरकारबाट प्रवाह गरिएका आधारभुत निशुल्क स्वास्थ्य सेवाहरु प्रभावकारी रुपमा संचालन गरिने छ ।

१८.आवश्यक्ता महशुस गरि चिकित्सकिय घुम्ती स्वास्थ्य शिविरहरु संचालन गरिने छ ।

आयुर्वेद तर्फ

१. विभिन्न नयाँ तथा पुराना रोगहरुको आयुर्वेद चिकित्सा पद्धतीद्धारा गरिने उपचारलाई निरन्तरता दिइने छ ।

२. जेष्ठनागरिकहरुको लागी रसायन औषधि को वितरणलाई निरन्तरता दिईने छ ।

३. स्तनपायी आमा तथा नवजात शिशुको रक्षार्थ सत्केरी महिलाहरुको लागी दुग्धवर्धक औषधि वितरण लाई निरन्तरता दिईने छ ।
४.विद्यालय आयुर्वेद शिक्षा कार्यक्रम मार्फत आयुर्वेद को बारेमा जनचेतना अभिवृदी गरिने छ ।
५.गाँउघर /शहरी क्लिनिक तथा नसर्ने रोग व्यवस्थापन कार्यक्रमलाई सवै वडाहरुमा संचालन गरिने छ ।
६. औषधिजन्य स्थानिय जडिवुटीहरुको पहिचान र उपयोग सम्वन्धि स्थानिय जनताहरुलाई परिचयात्मक कायृक्रम संचालन गरिने छ ।
७. नि:शुल्क आयुर्वेद विशेषज्ञ शिविर संचालन गरिने छ ।
८. जडिवुटी उद्द्यायनको निमार्ण गरिने छ ।
९.स्थानिय रुपमा उपलब्धहुन सक्ने औषधि उपयोगी जडिवुटीहरुको संरक्षण, सम्वर्धन र व्यावस्थापनको माध्यमबाट आय आर्जन गर्न सकिने छ ।
१०. योग शिविर संचालन गर्न प्रोत्साहन गरिने छ ।
११. राष्ट्रिय, अन्तराष्ट्रिय योग दिवस, राष्ट्रिय आरोग्य दिवस तथा धन्वन्तरी जयन्ती ,स्वास्थ्य सेवा दिवस जस्ता विभिन्न दिवसको माध्यमद्धारा योग र आयुर्वेद चिकित्सा पद्धतिको विकासमा जोड दिइने छ ।
यस मल्लरानी गाँउपालीका अन्तरगतका स्वास्थ्य संस्थाहरु संचालन तथा व्यवस्थापन सम्वन्धि विभिन्न किसिमका क्रियाकलापहरु संचालन गरी जनताहरुलाई स्वास्थ्य सेवाको पहुचमा अभिवृद्धि गरिने छ

फोहोरमैला व्यवस्थापन तर्फ :

- गाउँपालिकालाई पूर्ण सरसफाई युक्त क्षेत्र घोषणा गर्न आवस्यक पहल गरिनेछ ।
- फोहर उत्सर्जन कर्ताले नै फोहरको उचित व्यस्थापन गर्नु पर्दछ भन्ने भावनाको विकास गरि फोहर उत्सर्जनलाई न्यूनीकरण गर्ने तर्फ ध्यान दिइनेछ ।
- मल्लरानी गाउपालिकाको बजार क्षेत्रको फोहोर व्यवस्थापनको लागी स्थायी ल्यान्डफिल्ड साइडको खोजी गरिने छ ।
- मल्लरानी गाउपालिका क्षेत्र भित्र जथाभावी सडक अवरोध हुने गरि टहरा निर्माण,पशु चौपाय तथा निर्माण सामाग्री लगायत राख्नेलाई कानुन बमोजिम दण्ड जरिवाना गरिने छ ।

सामाजिक विकास तर्फ :

- परम्पपरागत धर्म, संस्कृति, कला, लोक संगित, पुरातात्विक सम्पदाहरुको संरक्षण गर्नका लागि विशेष नीति तथा कार्यक्रम कार्यान्वयनमा ल्याइनेछ ।

- धार्मिक एंव पुरातात्विक महत्वको ग्रामीण क्षेत्रका सम्पदाहरुको सरोकारवालाहरुको समन्वयमा पहिचान गरी त्यसको संरक्षण र जगेर्नामा लगानी गर्ने नीति अवलम्वन गरिनेछ ।
- कला संस्कृतिको प्रवर्द्धनका लागि आकास्मिक एवं नियमित किसिमका कार्यक्रमहरु लाई प्रोत्साहन गर्ने नीति अवलम्वन गरिनेछ ।
- बालमैत्री स्थानियशासनको अवधारणालाई यसै आर्थिक वर्ष देखि अवलम्वन गरिनेछ साथै उक्त अवधारणा प्रवर्द्धन एंव विकासका लागि आवश्यक क्रियाकलापहरु समेत संचालनमा ल्याइनेछ ।
-

<u>संचार विकास तर्फ :</u>

- संचार जगतको विकासको पत्रकारीता तालीम तथा अन्य के कस्ता रचनात्मक क्रियाकलापहरु गर्न सकिन्छ , सम्वन्धित क्षेत्रका विज्ञहरुसंग राय सुझाव लिई विविध कार्यक्रमहरु संचालनमा ल्याइनेछ ।
- सवै संचार माध्यमसंग समदुरीको नीति अख्तियार गरिनेछ ।

<u>उर्जा विकास तर्फ :</u>

- नविकरणीय उर्जाको प्रयोगमा बृद्धी गर्ने निति अवलम्वन गरिने छ ।
- केन्द्रीय विद्युत लाईन विस्तार लागि सम्बन्धित निकायमा आवश्यक पहल गरिनेछ ।
- अर्थतन्त्रको तीन खम्वे नीति मध्येको एक सहकारी क्षेत्रलाई व्यवस्थित गर्न उद्देश्यमा केन्द्रित स्वरोजगार मुखी तालिमदिई सहकारीकरण उन्मुख व्यवासाय प्रवर्द्धनमा जोड दिइनेछ ।
- सहकारीको माध्यमबाट घर घरमा रोजगारी सिर्जना गर्न आवश्यक नीति तथा कार्यक्रम ल्याइनेछ ।

आन्तरिक आय वृद्धि तर्फ :

- राजश्वको दायरा फराकिलो गरी राजश्वको विविधिकरण एंव विस्तारिकरणमा जोड दिइनेछ ।
- . कर वर्गीकरण तथा कर संकलनलाई सरलीकरण गर्न विषेश किसिमको सुधार कार्यक्रम ल्याइनेछ ।
- आन्तरिक आय वृद्धिका लागि करका नयाँ क्षेत्रहरु पहिचान गरि कार्यान्यनमा ल्याइनेछ ।
- मल्लरानी गाउपालिकाको सवै क्षेत्रमा एकिकृत सम्पती कर प्रणाली लागु गरिने छ ।
- कर तिर्नु हरेक नागरिकको कर्तव्य हो भन्ने भावनाको विकास गरि कर प्रतिको जनताको नकारात्क धारणालाई निरुत्साहित गरिनेछ ।
- आन्तरिक आयको लेखाजोखा व्यवस्थीत गर्न सफ्टवयर निर्माण गरिने छ ।

सामजिक परिचालन तर्फ :

- सामाजिक परिचालनको माध्यमबाट सामाजिक शसक्तिकरणको नीति अवलम्वन गरिनेछ ।
- सामाजिक परिचालकहरुको सेवालाई उच्च मूल्याकंन गर्दै राष्ट्रिय नीति निर्देशन अनुरुप गाउँपालिका भित्र आन्तरिकरण गर्नका लागि पहल गरिनेछ ।
- सामाजिक परिचालनको माध्यमवाट सचेतना अभिवृद्धि गर्ने, योजना तर्जुमा प्रक्रियामा लागत सहभागिता बढाउने, योजनामा अर्थपुर्ण जनसहभागिता वढाउने नतिजामा आधारित विकास प्रक्रिया अवलम्वनमा पहल गर्ने ,सामाजिक सम्वादका माध्यमवाट सामाजिक मानसिक मनोवैज्ञानिक र सकारात्मक सोच तर्फ उन्मुख समाज निर्माण गर्ने विधि र प्रक्रियालाई निरन्तरता दिइनेछ ।

पुर्ण सरसफाई

- खुला दिशामुक्त भइसकेको यस क्षेत्रमा पूर्ण सरसफाईका सम्वन्धीत कार्यक्रमहरु ल्याइनेछ ।
- पुर्ण सरसफाई सम्वन्धी रणनितिक योजना (post strategic plan) निर्माण गरी कार्यक्रमिकरुपमा विविध क्रियाकलाप अभियानकारुपमा संचालन गर्न विशेष पहल गरिनेछ ।

दण्ड र पुरस्कार

- निद्रिष्ट ऐन, नियमले दिएको अधिकार प्रयोग गरी दण्ड दिने तथा आवश्यकता अनुसार उचित पुरस्कार दिने नीति अवलम्वन गरिनेछ ।
- उत्कृष्ट कार्य गर्ने उपभोक्ता समितिलाई सम्मान गर्ने तथा लापरबाही गर्ने उपभोक्ता समितिका व्यक्तिहरुलाई कारबाही गरिनेछ ।
- सामाजिक परिचालन क्षेत्रमा काम गर्ने व्यक्तिहरुलाई योगदानको आधारमा पुरस्कार तथा सम्मान दिने नीति लिइनेछ ।
- गाउँपालिका क्षेत्र भित्र राम्रो काम गर्ने संघसंस्थालाई कार्य सम्पादन मुल्याकंनको आधारमा पुरस्कृत गर्ने नीति अवलम्वन गरिनेछ ।
- उत्कृष्ट काम गर्ने कर्मचारीलाई कामको मुल्याकंनको आधारमा पुरस्कृत गरिनेछ ।

सांगठनिक संरचना तथा जनशक्ति व्यवस्थापन तर्फ :

- उपलव्ध जनशक्तिलाई मानवीय संवेदनका आधारमा कार्य सम्पादनमा लगाइनेछ ।
- व्यक्तिको योग्यता क्षमता र जिम्मेवारीको आधारमा काममा लगाईनेछ ।
- आफ्नो काम प्रति व्यक्ति स्वयंम उत्तरदायी हुने व्यवस्था अवलम्वन गरिनेछ ।
- कर्मचारीको कार्य सम्पादन मुल्यांकनको आधारमा पुरस्कार र दण्ड दिने व्यवस्था अवलम्वन गरिनेछ ।
- जनशक्तिको क्षमता अभिवृद्धिका लागि क्षमता विकास सम्वन्धि कार्यक्रमहरु ल्याइनेछ ।
- सवै कर्मचारीले कम्प्यूटरबाट काम गनुपर्ने व्यवस्था लागु गर्न आवश्यक क्षमता विकास गरिनेछ ।
- कर्मचारीले प्राप्त गर्ने सेवा सुविधालाई समानरुपमा न्यायोचित ढंगले वितरण गरिनेछ ।
- गाउँपालिका क्षेत्र भित्रका जनशक्तिलाई रोजगार उन्मुख वनाउन एंव दक्ष जनशक्ति उत्पादन गर्नका लागि सम्वन्धीत संस्थाको समन्वयमा विशेष कार्यक्रमहरु ल्याईनेछ ।
- स्वरोजगार मुलक कार्यक्रमहरु मार्फत जनशक्तिलाई व्यवस्थित गर्नका लागी सम्वन्धित निकायहरु सरोकारवाला संग समन्वय गरिनेछ ।
- समावेशी विकास सिद्धान्तको आधारमा जनशक्ति उपयोग एंव विकास गर्नका लागि समतामुलक समावेशी करण नीति अवलम्वन गरिनेछ ।

लक्षित वर्ग समुदाय विकास तर्फ :

- बाल वचाउ, बाल संरक्षण विकास र बाल सहभागिताका विविध पक्षहरुमा सम्वन्धित सरोकारवालासंगको समन्वयमा विशेष कार्यक्रम सम्वोधन मार्फत बालमैत्री स्थानिय शासन स्थापना गर्नका लागि नीति तथा कार्यक्रमहरु संचालन गरिनेछ ।
- बालबालिकाको अधिकार मुल भुतरुपमा बालबालिकालाई नै प्रत्यक्ष लाभ पुग्ने भौतिक संरचना निर्माण तथा बालबालिकाको क्षमता विकासका क्रियाकलापमा लगानी गरिनेछ ।
- निर्मित वा निर्माण गरिने भौतिक एंव सामाजिक संरचनालाई बालमैत्री वनाउदै लगिनेछ ।
- लैंगिक समानताका लागि लैंगिक दृष्टिले पछाडि पारिएका लक्षित वर्गलाई विशेष कार्यक्रम ल्याईनेछ । विद्यालयका शौचालयहरु छात्रा र छात्रलाई अलग अलग गर्ने व्यवस्था मिलाउन आवश्यक पहल गरिनेछ ।
- लैगिंक उत्तरदायी वजेट कार्यक्रम ल्याइनेछ । महिलालाई प्रत्यक्ष फाईदा पुग्ने भौतिक एंव सामाजिक पूर्वाधार निर्माण गर्न विशेष प्राथमिकता दिइनेछ । महिला मैत्री संरचनाहरु निर्माण गरिनेछ ।
- घरेलु हिंसा, यौनजन्य हिंसा लगायत अन्य हिंसाजन्य क्रियाकलापलाई निर्मुल गर्न सामाजिक शसक्तिकरणमा कार्यक्रम संचालन गरिनेछ ।
- महिला लगायत विविध लक्षित वर्गको पहुच अभिवृद्धि गर्न र सरकारी सेवामा पहुच पुऱ्याउन आय आर्जनमूलक तालीम कार्यक्रमहरु संचालन गर्ने नीति अवलम्वन गरिनेछ ।
- लैंगिकमैत्री भाषाको प्रयोग र अभ्यास गर्न विशेष सामाजिक संवादका भाषागत सुधार गर्ने कार्यक्रमहरु ल्याइनेछ ।
- फरक क्षमता भएका व्यक्तिहरुको हकमा विषेश सशक्तिकरण एंव आर्यआर्जन मुलक कार्यक्रम गर्न जोड दिइनेछ ।
- निर्माण गरिएका वा गरिने समाजिक एंव भौतिक पूर्वाधारहरु अपाङ्गमैत्री बनाउदै लगिनेछ ।
- अपाङ्गहरुको क्षमता विकास सम्वन्धी कार्यक्रमहरु ल्याइनेछ ।
- अपाङहरुलाई प्रत्यक्ष लाभ पुग्ने संस्थागत विकासमा विशेष जोड दिइनेछ ।

- समाजमा उपेक्षित एंव उत्पिडित रुपमा रहेको दलित समुदायको विकासमा उहाँहरुको क्षमता विकास गर्ने खालको कार्यक्रम ल्याइनेछ ।
- दलित र गैरदलित एंव दलित दलित विचमा रहेको असमानता र छुवाछुतको भावनालाई न्यूनिकरण गर्न सम्वन्धित सरोकारवालाको समन्वयमा विशेष कार्यक्रम ल्याइनेछ ।
- दलित समुदायको सशक्तिकरण सम्वन्धि विशेष कार्यक्रम ल्याइनेछ ।
- दलित समुदायको आर्यआर्जनमा वृद्धि गर्न परमपरागत पेशालाई टेवा पुग्ने खालको एंव स्वरोजगार उन्मुख कार्यक्रमहरु ल्याउन विशेष पहल गरिनेछ ।
- आदिवासि जनजातिहरुको क्षमता विकास तथा सशक्तिकरण सम्वन्धी संस्थागत क्षमता विकासका लागि विविध सिपमुलक कार्यक्रम ल्याइनेछ ।
- आदिवासि जनजाति शिर्षकमा हुने लगानीलाई उक्त समुदायलाई प्रत्यक्ष लाभ पुग्ने योजनाहरुमा केन्द्रित गरिनेछ
- गाउँपालिका भित्रका वृद्धहरुको बाच्न पाउने अधिकारको सुनिश्चिता प्रदान गर्ने र सामाजिक न्यायको सिद्धान्तलाई आत्मसात गरि अशक्त, बृद्धकालीग विशेष प्रकृतिको स्वास्थ्य उपचार प्रदान गर्ने तर्फ ध्यान दिइनेछ ।
- जेष्ठ नागरिकहरुलाई सम्मान गर्ने किसिमका कार्यक्रममा संवोधन गरिनेछ ।
- जेष्ठ नागरिक मैत्री संरचना निर्माण गरिनेछ ।
- जेष्ठ नागरिकलाई विशेष रुपमा घरमा नै पुर्नस्थापना गर्न विशेष सामाजिक सम्वादका मार्फत पहल गरिनेछ ।
- जेष्ठ नागरिकहरुको अनुभवको विशेष कदर गर्दै यहाँहरुको सल्लाह सुझाव लिने परिपाटिको विकास गरिनेछ ।
- युवाहरुलाई लक्षित गरि विभिन्न खेलकुद प्रतियोगिता, लोकसेवा तयारी कक्षा तथा विभिन्न रोजगारमूलक तालीमहरु संचालन गरिनेछ ।

माथि उल्लेखित नीति तथा कार्यक्रमहरुलाई प्राथमिकताका साथ अगाडी वढाउन गाउँपालिका कार्यालय प्रतिवद्ध भएको व्यहोरा अनुरोध गर्न चाहन्छु । सीमित श्रोतको उपलब्धताका कारण गाउँवासीहरुको अपेक्षा अनुरुप पूर्ण रुपमा सम्बोधन गर्न

नसकिएता पनि क्रमिकरुपमा सम्बोधन गर्दै जान सम्बन्धित सरोकारवाला निकायसंग समन्वय गरि गाउँपालिका अगाडी वढ्दै जानेछ ।

आदरणीय महानुभावहरु,

थुप्रै समस्या र चुनौतिहरु भएता पनि सकारात्मक सोचका साथ सुन्दर, समृद्ध र समुन्नत गाउँपालिका निर्माण गर्न सकिने प्रसस्त सम्भावनाहरु रहेका छन् । । राम्रो योजना बन्नु नै आधा काम सक्नु हो भने झै गाउँपालिकाले नतिजामा आधारित योजनावद्ध विकास गर्ने दिशातर्फ आफ्ना नीति, कार्यक्रम तथा बजेट परिलक्षित गरेको छ ।

अव म यस सम्मानित गरिमामय मल्लरानी गाउपालिकाको प्रथम गाउँ सभा समक्ष आगामी आ.व. २०७४/०७५ मा प्रस्ताव गरिएको वजेट पेश गर्ने अनुमती चाहान्छु ।

आय अनुमान निम्न अनुसार रहेको छ ।

- आम्दानी तर्फ आन्तरिक श्रोत **रु. ३०,१५,०००(तीस लाख पन्ध्र हजार)**
- राजस्व बाँडफाँटबाट **५,००,००० (पाँच लाख)**
- नेपाल सरकार सशर्त अनुदन - विषयगत कार्यालयहरुका लागि विनियोजन भएको) **रु.६,८१,०२,०००(छ करोड एकासी दुइ हजार लाख)**
- नेपाल सरकारको समानीकरण अनुदान **रु.१२,८१,५१,०००(बाह्र करोड एकासी लाख एकाउन्न हजार)**
- संघीय संरचना पूर्वाधार विकास लगायत आर्थिक वर्ष २०७३।७४ को मौज्दात **बाँकी रु. ७५,८२,६६० (पचहत्तर लाख बयासी हजार छ सय साठी)**
- गरी जम्मा **रु. २०,७३,५०,६६० (विस करोड त्रिहत्तर लाख पचास हजार छ सय साठी)** को प्रस्तावित आय पेश गरेको छु ।

यसै गरि आगामी आ.व. २०७४/०७५ मा समग्र गाउँ विकास योजना कार्यन्वयनको लागी प्रस्तावित बजेट **रु. २०,७३,५०,००० (विस करोड त्रिहत्तर लाख पचास हजार)** यस गरिमामय सभामा स्वीकृतीको लागि पेश गर्ने अनुमति चाहान्छु ।

व्यय अनुमान निम्न अनुसार रहेको छ ।

१) पुजिगत तर्फ रु.११०२,५३,००० (एघार करोड दुई लाख त्रिपन्न हजार)
२) चालु तर्फ रु.२,८९,९५,००० (दुइ करोड उनानब्बे लाख पन्चानबे हजार)
३)नेपाल सरकार सशर्त अनुदन -विषयगत शाखाहरुका लागि विनियोजन भएको) रु.६,८१,०२,००० (छ करोड एकासी लाख दुइ हजार)
४) चालु जम्मा : ९,७०,९७,००० (नौ करोड सत्तरी लाख सन्तानब्बे हजार)
५) पुजिगत जम्मा : ११,०२,५३,००० (एघार करोड दुइ लाख त्रिपन्न हजार)

अन्त्यमा,

माथि उल्लेखित नीति तथा कार्यक्रमहरुलाई प्राथमिकताका साथ अगाडी वढाउन गाउँपालिका कार्यालय प्रतिवद्ध भएको व्यहोरा अनुरोध गर्न चाहान्छु । सीमित श्रोतको उपलब्धताका कारण गाउँवासीहरुको अपेक्षा अनुरुप पूर्ण रुपमा सम्बोधन गर्न नसकिएता पनि क्रमिकरुपमा सम्बोधन गर्दै जान सम्बन्धित सरोकारवाला निकायसंग समन्वय गरि गाउँपालिका अगाडी वढ्दै जानेछ । यस गरिमामय सदनमा उपस्थित हुनुभएका सम्पुर्ण महानुभावहरु, सहभागितात्मक गाउँ विकास योजना तर्जुमा प्रक्रियामा सहयोग पुर्‍याउनु हुने राजनीतिक दलका प्रमुख एवं प्रतिनिधिहरु, सरकारी तथा गैर सरकारी कार्यालयका प्रमखहरु, गाउँपालिकाका कर्मचारीहरु, वडा नागरिक मंचका सयोकहरु सबलाइ धन्यवाद दिंदै, निरन्तर सहयोग र सहकार्य गर्नुहुने गाउँ स्तरीय प्रतिनिधि ज्यू, हाम्रो निमन्त्रणा स्वीकार गरी पाल्नु भएका विषेश अतिथीज्यू एवं अतिथीज्यूहरु, यस गरिमामय गाउँपरिषद्का प्रस्तावित नीति कार्यक्रम तथा वजेटले गाउँवासीका चाहाना र आवश्यकतालाई केही हद सम्म भएपनि पुर्ति गर्न सफल हुनेछ भन्ने विश्वास राख्दै वजेट वक्तब्य यही अन्त्य भएको व्यहोरा सम्मानित गरिमामय प्रथम गाउँ परिषद् समक्ष निवेदन गर्दछु ।